नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

प.सं.: २०८३/८४

च.नं.: १६५

मिति २०८३।०७।२०

विषय: नायब सुब्बा पदका कर्मचारीको पदपूर्ति व्यवस्थापन सम्बन्धमा।

श्री मन्त्रालय/आयोग/सचिवालय/समिति/कार्यालय/निकाय (सबै)।

नेपाल सरकारका विभिन्न निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट विभिन्न सेवा, समूह र पदका स्थायी दरवन्दी कटौती भएसँगै नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, नायब सुब्बा पदका कर्मचारीहरु ठुलो संख्यामा फाजिलमा पर्न गएको बेहोरा विदितै छ।

निजामती सेवा नियमावली, २०५० को नियम १३ को उपनियम (३) बमोजिम फाजिलमा रहेका कर्मचारीहरूको अनिवार्य व्यवस्थापन गर्नुपर्ने भएकाले तहाँ र मातहतका निकायमा रिक्त रहेका उल्लिखित सेवा, समूह र श्रेणीका पदहरूमा पदपुर्तिको लागि लोक सेवा आयोगमा माग आकृति फाराम पठाउनुपूर्व अनिवार्य रुपमा सम्बन्धित केन्द्रीय निकायमार्फत यस मन्त्रालयमा कर्मचारी व्यवस्थापनका लागि लेखी फाजिलमा परेका कर्मचारीमार्फत रिक्त पदपूर्ति हुन नसक्ने अवस्था एकिन भएपश्चात मात्र लोक सेवा आयोगमा पदपूर्तिका लागि पठाउने व्यवस्था हुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८३/०७/१९ गतेको निर्णयानुसार अनुरोध छ।

२०८३/०७/२०

(खड्ग वि.क)

शाखा अधिकृत

बोधार्थ:

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं।

उल्लिखित सेवा, समूह र श्रेणीका रिक्त पदको पदपूर्तिको माग फाराम प्राप्त हुँदा यस मन्त्रालयबाट कर्मचारी व्यवस्थापन हुन नसकेको आधिकारिक पत्र संलग्न भए नभएको एकिन गरि मात्र पदपूर्ति प्रकृया अगाडी बढाइदिनुहुन सादर अनुरोध छ।